नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

#६८

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

शुक्रबार | ०५ बैशाख २०७७ (१७ अप्रील २०२०)

## मुख्य कृयाकलापहरू:

- विभिन्न देशहरुले अपनाएका कोभिड निदानका उपायहरु र विभिन्न नयाँ अनुसन्धान बाट प्राप्त तथ्यहरुको सेरोफेरोमा रही नेपालले कोभिड निदानमा अपनाउन सक्ने बिधिहरुलाइ मार्ग निर्देशक सुझाबहरु तयार गर्न सहयोग पुग्ने गरि, नीति, योजना तथा अनुगमन महाशाखा अन्तर्गतमा रहेको Knowledge Café सचिवालयको आयोजनामा "Landscape of COVID-19 Testing" बिषयमा Knowledge Café बैठक सम्पन्न गरियो । उक्त भर्च्युअल् बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उच्च पदस्थ अधिकारीहरु, बिकास साझेदार संस्थाहरुका प्रतिनिधिहरु तथा देश बिदेशका बिषय विज्ञहरु लगायत ६० जनाको सहभागिता रहेको थियो । यस बैठकबाट नेपालमा कोभिड निदानका लागि लिइएको बिधमान रणनीति लाइ नयाँ उपलब्ध तथ्यहरुको आधारमा परिमार्जन गर्दै लैजान सकिने सुझाबहरु प्राप्त भयो ।

- सुदुरपस्चिम प्रदेशमा छिमेकि मुलुक भारत बाट ठूलो संख्यामा नेपालीहरू आएको परिप्रेक्ष्यमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि थप जनशक्ति आवस्यक भएको महसुस गरि चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठानमा MD/MS मा अध्यनरत ३४ जना चिकित्सकहरूलाई सुदुरपस्चिम प्रदेश मुख्य मन्त्री तथा म. प. कार्यालय मार्फत परिचालन हुने गरि सु.प. का विभिन्न अस्पतालहरूमा कामकाज गर्न हाल लाई १ महिनाको लागि पठाईएको छ । उहाँहरूलाई आवस्यकता अनुसार अवधि थप गरिनेछ । उहाँहरूलाई आजै हवाईजहाज चार्टर गरि धनगढी पठाइएको हो ।

- EDCD, NPHL र WHO को संयुक्त टोली कोभिड–१९ को Case Management, Contact Tracing, Surveillance र Information Management लाई थप व्यवस्थित, चुस्त दुरुस्त पार्ने उद्देश्यले छलफल तथा बैठक गरिएको छ ।


**आपुर्ति ब्यवस्थापनः** स्वास्थ्य सेवा बिभागबाट आवश्यकता अनुसार स्प्रेयर पम्प, PPE, N95 मास्क, गाउन, चस्मा, पन्जा, थर्मामिटर लगायतका सामग्रीहरू माग र आवश्यकता अनुसार आपूर्ति गर्ने क्रम जारी रहेको छ।

**सुचना तथा सञ्चारः** कोभिड-१९ का दुई वटा कल सेन्टर (१११५ र ११३३) मा आज २६३२ जना ब्यक्तिहरूले सेवा लिनु भयो ।

| काठमाडौं उपत्यकामा कोभिड-१९ उपचार गर्ने अस्पतालहरूमा उपचाररत बिरामीहरूको संख्या | | |
|---|---|---|
| **अस्पतालहरू** | **आईसोलेसनमा रहेका** | **आई.सि.यु. मा रहेका** |
| शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल | ३ | ० |
| पाटन अस्पताल | २ | ० |
| शसस्त्र प्रहरी बल अस्पताल (COVID-19 Unified Command Hospital) | ० | ० |
| **जम्मा** | ५ | ० |
| *(अध्यावधिक मिति २०७७/०१/०५ गते १३:०० बजे सम्म)* | | |

| ILI/SARI Cases Reported from EWARS Sentinel Sites | |
|---|---|
| **मिति** | **ILI/ SARI Cases** |
| १२ अप्रिल | ५७ |
| १३ अप्रिल | ३२ |
| १४ अप्रिल | ४० |
| १५ अप्रिल | ५० |
| १६ अप्रिल | ३३ |
| *( अध्यावधिक मिति २०७७/०१/०५ गते १४:०० बजे सम्म)* | |

**प्रयोगशाला सेवा विस्तारः** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका साथै सबै प्रदेशमा गरी जम्मा १३ वटा ठाउँहरुमा कोभिड-१९ को पि. सि. आर. [Polymerase Chain Reaction (PCR)] बिधीबाट नमुना परिक्षण गर्ने प्रयोगशाला सञ्चालनमा रहेका छन्।




**प्रयोगशाला परिक्षणः** हाल सम्म सोह्र जना ब्यक्तिमा कोभिड-१९ संङ्क्रमण देखिएको छ । आज कुनैपनि नयाँ पोजेटिभ केस रिपोर्ट भएको छैन । पहिलो संङ्क्रमित ब्यक्ति निको भई सामान्य जीवनमा फर्की सक्नुभएको छ भने अन्य १५ जना अस्पतालमा उपचाररत हुनुहुन्छ ।

| प्रयोगशाला परिक्षण | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रयोगशाला | जम्मा परिक्षण | | पोजिटिभ | | आजसम्मको नेगेटिभ | आजसम्म को नतिजा आउन बाकि |
| | आजसम्मको जम्मा | नयाँ | आजसम्म को जम्मा | नयाँ | | |
| राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौं | ५४१७ | २६४ | १६ | ० | ५१३७ | |
| वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | २०८ | १२ | ० | ० | २०८ | ० |
| कोशी अस्पताल, बिराटनगर | ३०६ | ३ | ० | ० | ३०६ | ३५ |
| जनकपुर प्रादेशिक अस्पताल, | ५५ | ५ | ० | ० | ५५ | २७ |
| भरतपुर कोभिड-१९ डायग्नोस्टिक प्रयोगशाला | २४० | ३४ | ० | ० | २४० | 2 |
| राष्ट्रिय गंहू बाली अनुसन्धान केन्द्र, भैरहवा | १०५ | ८ | ० | ० | १०५ | २१ |
| वीर अस्पताल | २४ | २ | ० | ० | २४ | 0 |
| पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पोखरा | ३८३ | ३८ | ० | ० | ३८३ | ८ |
| किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौडा | १९४ | २७ | ० | ० | १९४ | ० |
| काठमाडौं विश्वविधालय शिक्षण अस्पताल, धुलिखेल | ४४८ | ५७ | ० | ० | ४४८ | ० |
| सुर्खेत प्रादेशिक अस्पताल, सुर्खेत, कर्णाली | १५६ | ६ | ० | ० | १५६ | १०८ |
| सेती प्रादेशिक अस्पताल | १८६ | २७ | ० | ० | १८६ | ६७ |
| **जम्मा** | **७७२२** | **४८३** | **१६** | **०** | **७४४२** | **२६८** |

*( अध्यावधिक मिति २०७७/०१/०५ गते १४:०० बजे सम्म)*

# क्वारेन्टाईन, आइसोलेशन तथा प्रयोगशाला सम्बन्धमा प्रादेशिक विवरण

| प्रदेश | क्वारेनटाईन बेड संख्या | क्वारेनटाईनमा बसेका व्यक्तिको संख्या | आइसोलेशन बेड संख्या | आइसोलेशनमा भएका बिरामीको संख्या | ०४ बैशाख २०७७ सम्मको RDT परिक्षणको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | जम्मा |
| प्रदेश १ | ४१९९ | ६७८ | ४४९ | ८ | ८२५ |
| प्रदेश २ | ३५०९ | १२०७ | २२० | १२ | १६५५ |
| बागमती प्रदेश | ४६१२ | ७९ | ८६० | २४ | २२५४ |
| गण्डकी प्रदेश | ३७२० | १४४ | २६८ | २ | ३४२४ |
| प्रदेश ५ | ६११६ | १४४५ | ५३४ | २७ | १८८६ |
| कर्णाली प्रदेश | ३७५३ | २९१ | ४६६ | ० | २१८८ |
| सुदुरपस्चिम प्रदेश | ४६४३ | ७६३ | २७४ | १२ | ४३३३ |
| **जम्मा** | **३०५५२** | **४६०७** | **३०७१** | **८५** | **१६५६५** |

श्रोत, गृह मन्त्रालय, प्रादेशिक स्वास्थ्य निर्देशनालय

मिति २०७७ बैशाख ०४ गते

## मापदण्ड तथा निर्देशिकाहरूः

१) COVID-19 को सन्दर्भमा व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ) को प्रयोग सम्बन्धी निर्देशिका

२) COVID-19 SOP, Case Investigation and Tracing Form

३) Protocol for ILI Clinics (COVID-19 Screening COVID Clinics)

४) कोभिड-१९ का बिरामीहरुलाई अस्पताल तथा उपचार केन्द्र पुर्याउनका निम्ति COVID-19 PATIENT TRANSPORT TEAM (PTT) निर्देशिका।

५) कोभिड-१९ का बिरामीहरु हेरचाह गर्ने स्वास्थ्य संस्थाहरुका लागि Interim Clinical Guidance र Infection Prevention and Control Guideline सम्बन्धी निर्देशिका

६) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी सम्क्षिप्त कार्यविधि - २०७६

७) Flow Diagram for Testing returnees for COVID-19 (RDT or PCR)

८) क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको कोभिड १९-को नमुना संकलन सम्बन्धी निर्देशिका

९) Wondfo SARS-CoV-2 Antibody Test Procedure

१०) कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाह प्रवाहका लागि अन्तरिम निर्देशिका, २०७६

११) कोभिड-१९ को प्रयोगशाला परिक्षण सम्बन्धी तरिकाहरू